प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/२/१८

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, गल्याङ नगरपालिका ठेगाना भै सोहि नगरपालिका स्थित क्वारेन्टाइनमा रहनुभएको वर्ष २७ र ४० का २ जना पुरुषमा र तनहुँ जिल्ला, ऋषिङ गाउँपालिका ठेगाना भै सोहि गाउँपालिका स्थित क्वारेन्टाइनमा रहनुभएको वर्ष २८ का १ जना पुरुषमा समेत कोरोना संक्रमणको पुष्टि भएको छ। यससंगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको संख्या २४ पुगेका छ।

पोखरा महानगरपालिकासंग भगिनी सम्बन्ध स्थापित भएका छिमेकी मुलुक चिनको युनान प्रान्तले गण्डकी प्रदेश सरकारलाई एक हजार थान N 95 मास्क र तीन हजार थान Surgical मास्क प्रदान गरेको छ। यसैगरी Guwanjau, Kunmin र Linji प्रान्तले पोखरा महानगरपालिकालाई सर्जिकल मास्क, ग्लोव्स , KN 95 मास्क र PPE लगायतका स्वास्थ्य सामाग्रीहरु प्रदान गरेको छ।

गर्भवती अवस्थामा अत्याधिक रक्तश्रावका कारण थप उपचारका लागी म्याग्दी जिल्ला, अन्नपूर्ण गाउपालिका वडा नं ५ सिख कि नर्दिता गर्बुजालाई हेलिकप्टर मार्फत उद्धार गरि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा ल्याइएको छ।

म्याग्दी जिल्लामा श्रीबक्स गुल्म अर्थुंगे, म्याग्दी र नं २३ बाहिनी अड्डा, बाग्लुङको संयुक्त आयोजनामा बेनीमा कोरोना संक्रमितको शव व्यवस्थापन सम्बन्धि प्रदर्शनी सम्पन्न भयो। कार्यक्रममा जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख, स्वास्थ्य कार्यालय, म्याग्दीका प्रमुख, बेनी नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, जिल्ला कोभिड १९ कमाण्ड पोष्टका सदस्यहरू, स्वास्थ्यकर्मीहरु लगायतको उपस्थिति रहेको थियो।

पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान वरिपरी रहनु भएका नागरिक समाजहरुले स्वास्थ्य निर्देशानालयका निर्देशक डा. विनोद विन्दु शर्मा ज्यूलाई भेट गरि कोभिड अस्पतालको बारेमा बृहत जानकारी लिनु भयो। कार्यक्रममा अस्पतालमा रहनु भएका कोरोना संक्रमित व्यक्ति तथा संक्रमण रोकथामका बारेमा अस्पतालले गरेको तयारीका बारेमा छलफल भएको थियो ।

गण्डकी प्रदेशमा आजसम्म ३४९३ जनाको PCR परिक्षण भएको छ भने २४ जनाको परिक्षण परिणाम पोजिटिभ रहेको छ। यसै गरि गण्डकी प्रदेशमा आजसम्म ८७३५ जनाको RDT परिक्षण भएको छ।

डा विनोद विन्दु शर्मा
निर्देशक